नगर कार्यपालिकाको
बैठक संख्या ...६/२०७९-०८४
मिति ...२०७९/४/११... को
निर्णय प्रमाणित

बैठक संख्याः ६/२०७९-०८४

मिति २०७९ साल श्रावण ११ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

## निर्णय नं. १

नगरकार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

## निर्णय नं. २

क. नगरसभा वा कार्यपालिकाको निर्णय बिना नै मौखित आदेशका आधारमा सम्झौता गरिएका, कागजातहरु पूर्ण नभएका, फिल्डमा निर्धारित अवधिमा कार्य भए नभएको एकिन गर्न नसकिएका कार्यपालिकाको बैठकमा पेश भएका विभिन्न ११ वटा योजना तथा कार्यक्रमहरुको बारेमा छलफल भयो । सो प्रस्तावहरुलाई स्वीकृत गरी भुक्तानी गर्न नसकिने हुँदा कार्यपालिकाको मिति २०७९/०२/०८ को निर्णय नं. ७ बमोजिम हुने ।

ख. यस अघिको कार्यपालिकाको मिति २०७९/०३/०४ को बैठकको निर्णय बमोजिम क्रमागत वा म्याद थप नभई २०७९/०३/२५ गते सम्ममा कार्य सम्पन्न भईसक्नुपर्ने तर सो अवधिमा कार्य सम्मन्न हुन नसकेका देहाय बमोजिमका योजनाका निर्माण व्यवसायहरुलाई सार्बजनिक खरिद ऐन, २०६३ एवं नियमावली २०६४ र कोहलपुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ बमोजिम हर्जाना, दण्ड जरिवाना, कारवाही, कार्यसम्पादन जमानत बैंक ग्यारेन्टी जफत एवं कालो सूचिमा राख्नका लागि सिफारिस गर्ने सम्मको प्रकृया अगाडी बढाउने । अब आयिन्दा योजनाहरु व्यवस्थापन गर्दा समयमै कार्य सम्पन्न हुने गरी निर्माण व्यवशायीलाई जवाफदेही बनाउने । साथै सो योजनाहरु सम्पन्न हुन नसकी अपुरो रहेको कामको टेण्डर प्रक्रिया अघि बढाउन चालु आर्थिक वर्षमा पूर्वाधार विकास तर्फ विनियोजित बजेट शीर्षक मध्ये अपुरा योजना पुनः संचालन तर्फको बजेटबाट भुक्तानी हुने गरी ठेक्का व्यवस्थापन गर्ने ।

देहायः

| क सं | | कार्यक्रमको नाम |
|---|---|---|
| १ | जय दुर्गे महाकाली सेवा महेन्द्रनगर ४, कन्चनपुर | ११ वडा कार्यालय भवन निर्माण |
| २ | के.आर. कन्ट्रक्सन कोहलपुर १०, बाँके | - सरस्वती मा.बि भवन निर्माण कोहलपुर ८ बाँके<br>- बिभिन्न वडाको सडक मर्मत कार्य |
| ३ | शोभा लक्ष्मी कन्सट्क्सन कोहलपुर, बाँके | रत्न राजमार्ग देखि शक्तीनगर सामुदायिक भवन हुदै कृष्ण मा.बि हुदै मुगाली टोल सडक कालोपत्रे |
| ४ | वशिष्ठ निर्माण सेवा, गेरुवा-६, बर्दिया | भेरी प्राबिधिक शिक्षालय भवन निर्माण, कोहलपुर-२ |
| ५ | महारुद्र निर्माण सेवा, कोहलपुर-०९, बाँके | - एकतानगर देखि दीपशिखा स्कुल हुँदै देवीलाल बोहराको घर हुँदै त्रिवेणी चोक सम्म सडक कालोपत्रे, कोहलपुर-१० |

नगर कार्यपालिकाको
बैठक संख्या ९/२०७९-०८०
मिति २०७९/४/११ को
निर्णय प्रमाणित

| | | |
|---|---|---|
| | | - सिंचाई धारा तथा मोटर जडान |
| ६ | जय भवानी निर्माण सेवा, कोहलपुर-११, बाँके | - NTV रोड देखि पेन्सन क्याम्प हुँदै कोहलपुर ५/६ रझेना जोड्ने बाटो कालोपत्रे, कोहलपुर-११<br>- रत्न राजमार्ग देखि पुर्व उत्तर विकासनगर हुँदै शान्तिनगर बाटो कालोपत्रे, कोहलपुर-०२<br>- कोहलपुर ५/६ रझेना देखि गोवा को १५ चौधरिया हुँदै बैजनाथ ७ पेडारी हुँदै खजुरा गा.पा. जोड्ने सडक कालोपत्रे, कोहलपुर-०६<br>- रत्न राजमार्ग देखि शक्तिनगर सामुदायिक बन हुँदै कृष्ण मा.बि. हुँदै जाने बाटो कालोपत्रे, कोहलपुर-०२ |
| ७ | न्यौपाने कन्स्ट्रक्सन, कोहलपुर, बाँके | सरस्वती मा.वि. भवन निर्माण (CGI Roofing, Boundary Wall, MS Window), कोहलपुर-०८ |
| ८ | हार्दिक कन्स्ट्रक्सन प्रा.लि., जानकी-०४, बाँके | शिव आधारभूत बिद्यालयको पर्खाल निर्माण कार्य, कोहलपुर-०२ |

ग. एघारौं नगरसभामा एकिन हुन नसकेका २०७९ असार २५ गतेभित्र कार्य सम्पन्न भई कार्यालयमा भुक्तानीको लागि पेश भएका एवं बजेट नपुग, कार्य चापका कारण बिल भर्पाई रुजु गर्न छुटेका, को.ले.नि.का को प्रकृया हुँदा ढिलाई भएको लगायतका कारणले आ.ब. २०७८/०७९ मा भुक्तानी गर्न नसकिएका अनुसूचि 'क' बमोजिमका योजना तथा कार्यक्रमको जम्मा रु.६५,२३,९९२।- एवं रत्न राजमार्गमा रेलिङ निर्माणसहित वृक्षारोपण कार्यक्रमको लागि प्रदेश सरकार सहकार्य दायित्व तर्फ १० लाख गरी जम्मा रु.७५,२३,९९२।- भुक्तानी हुन बाँकी दायित्व योजना/कार्यक्रम भुक्तानी बाँकी दायित्व कायम गरी सो कार्य भएको एकिन हुन पुनः अनुगमन एवं मूल्याङ्कन गरी नगर स्तरीय पुँजिगत कार्यक्रमको सि.नं. ७ विभिन्न वडामा ग्राभेल गर्ने कार्य र ८ को ह्युमपाईप सम्बन्धी कार्य तर्फ विनियोजित बजेटबाट बाँकी हुने रकम चालु आर्थिक वर्षमा भुक्तानी गर्ने ।

निर्णय नं. ३

यस नगरपालिकाबाट आ.ब. २०७९/०८० सञ्चालन गरिने विभिन्न कार्यक्रमहरुको कार्यान्वयन गर्नका लागि कार्यक्रम कार्यान्वय पुस्तिका वृहत रुपमा छलफल गरी पारित गरियो ।

निर्णय नं. ४

क. आ.ब. २०७९/०८० मा वडा कार्यालयहरु एवं विभिन्न शाखाबाट सञ्चालन हुने पूर्वाधारतर्फका योजनाहरुको बिधि (उपभोक्ता समिति, अमानत, ठेक्का) कुन प्रकृयाबाट सञ्चालन गर्ने हो सोको निर्णय सम्बन्धित समितिबाट निर्णय गरी १५ दिनभित्र नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने । नगरपालिका एवं वडाहरुबाट सञ्चालन हुने टेण्डर गर्नुपर्ने योजनाहरुको भदौ मसान्तसम्ममा टेण्डर गरिसक्ने वा कार्यान्वयन प्रक्रिया अघी बढाउने, यसरी सम्झौता हुन नसक्ने योजनाहरु खारेज गर्न आगामी नगरसभामा सिफारिस गर्ने ।

नगर कार्यपालिकाको
बैठक संख्या ६।२०७९-०८०
मिति २०७९।४।११
निर्णय प्रमाणित

ख. चालु आर्थिक वर्षमा योजनाहरु सम्झौता गर्दा कामहरुको प्रकृति हेरी पुष मसान्त सम्म, चैत्र मसान्त सम्म र जेठ मसान्त सम्मको समय सीमा राखी सम्झौता गर्ने । पुर्वाधार तर्फका योजनाहरुको २०७९ चैत्र मसान्तसम्म सम्झौता गरिसक्नुपर्ने र सो पछि सम्झौता नगर्ने । कुनै पनि योजनाहरुको म्याद २०८० जेठ मसान्त पश्चात कायम नगर्ने ।

निर्णय नं. ५

यस नगरपालिकाको लागी चालु आर्थिक वर्षमा प्रयोग गर्न टेण्डर भएको ग्राभेल तथा ह्युमपाईप विभिन्न वडाहरुका वितरणका लागि सबै वडा कार्यालयहरुले आ-आफ्नो वडाको के कति आवश्यकता हो सो को को सम्बन्धित प्राविधिकबाट ईस्टिमेट गरी वडा समितिको निर्णय गराई नगरपालिकामा पठाउने ।त्यस्ता मागहरु पुर्वाधार विकास समितिले अनुगमन गरी आवश्यकताका आधारमा समानुपातिक रुपमा हुने गरी वडाहरुलाई ग्राभेल तथा ह्युमपाईप उपलब्ध गराउने । त्यस्तो परिमाण २०८० असार मसान्त सम्म पुग्ने गरी व्यवस्थापन गर्ने ।

निर्णय नं. ६

क. कोहलपुर नगरपालिकाका लागि आवश्यक नगर प्रहरी पदपूर्तिका लागि कोहलपुर नगर प्रहरी (दोस्रो संशोधन) ऐन, २०७७ बमोजिम तपसिलका पदहरुमा पदपूर्ति गर्न तत्काल भर्ना प्रक्रिया अघि बढाउने ।
नगर प्रहरी निरीक्षक -१ ( नेपाल प्रहरीको भु.पु. प्र.नि. वा योग्यता पुगेको जुनियर अफिसरबाट),
नगर प्रहरी सहायक निरीक्षक -१ (नेपाल प्रहरीको भु.पु. प्र.स.नि. वा योग्यता पुगेको हवल्दारबाट)
नगर प्रहरी हवल्दार -२ (भु.पु. प्रहरी बाट)
नगर प्रहरी जवान -१२ (खुला)

ख. सामी परियोजना अन्तर्गत विभिन्न पदहरु (६ जना)को पदपूर्ति कोहलपुर नगरपालिकाको करारमा प्राबिधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यबिधी, २०७५ बमोजिम हुने गरी पदपूर्ति गर्ने । पदपूर्ति भई नयाँ कर्मचारी नियुक्त नहोउन्जेलसम्मका लागि ईलाका प्रशासन कार्यालय, कोहलपुरमा रहेको आप्रवासी स्रोतकेन्द्रमा परामर्शकर्ताको रुपमा कार्यरत २(दुई) जना कर्मचारीहरुलाई २०७९ श्रावण १ गतेदेखि नै लागु हुने गरी निरन्तरता दिने।

निर्णय नं. ७

यस नगरपालिकाभित्र उत्पन्न हुने विभिन्न विपदजन्य घटनाबाट प्रभावितहरुका लागि राहत वितरण गर्दा वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिको सिफारिसका आधारमा राहत उपलब्ध गराउने ।

निर्णय नं. ८

क. कोहलपुर नगरपालिकाको प्रशासनिक संरचना सुधारका लागि जनशक्ति व्यवस्थापन एवं कार्यालय संगठन संरचना निर्माणका लागि नेपाल सरकारका पूर्व सचिव श्री शारदा प्रसाद त्रिताल अध्यक्ष र पूर्व प्रशासक गोकर्ण शर्मा रहेको दुई सदस्यिय कार्यदल गठन गरी कायदिश प्राप्त मितिले १५ दिन भित्र प्रतिवेदन तयार गर्ने र सो कार्य गरे वापत कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यबिधी (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ बमोजिम राष्ट्रिय स्तरका बिज्ञलाई दैनिक सेसन वापत पाउने दरले सेवा सुविधा उपलब्ध गराउने।

ख. यस कोहलपुर नगरपालिकाको श्वेत पत्र लागि नेपाल राष्ट्र बैंकका बहालवाला वा पूर्व कर्मचारी/ बिज्ञबाट सार्वजनिक खरिद कानून बमोजिम निर्माण गराउने ।

नगर कार्यपालिकाको
बैठक संख्या ..६।२०७९-०८०
मिति २०७९।४।२२ को
निर्णय प्रमाणित

निर्णय नं. ९

यस नगरपालिकामा गत आ.ब.२०७८/०७९ मा भए गरेका कार्यहरुको वार्षिक समिक्षा यही मिति २०७९/०४/२२ गते दिउँसो १:०० बजेदेखि र भोलिपल्ट ऐ. २३ गते बिहान ७ बजेदेखि गर्ने र सार्वजनिक सुनुवाई मिति २०७९/०४/२९ गते दिउँसो ३ बजे नगरपालिकाको सभाहलमा गर्ने ।

निर्णय नं. १० विविध

क. सफा, सुरक्षित सभ्य यातायात क्षेत्र निर्माणका लागि गृह मन्त्रालयको च.नं. २६४२ मिति २०७९/०३/०९ को पत्रसाथ प्राप्त ट्राफिक तथा यातायात क्षेत्रको सुधारका लागि गर्नुपर्ने कार्यहरुको बारेमा वडा कार्यालयहरु लगायत सबैमा जानकारी सूचना प्रवाह गर्ने ।

ख. कोहलपुर नगरपालिका, शिक्षा युवा तथा खेलकुद शाखाबाट प्रस्तावित कोहलपुर नगरपालिकामा संचालित सामुदायिक विद्यालयमा आर्थिक प्रशासन तथा शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले विद्यालय कर्मचारी व्यवस्थापन गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा (ज) १ तथा सङ्घीय शिक्षा नियमावली २०५९(संशोधनसहित) को परिच्छेद २३(क) को नियम १४४(ख) को उपनियम १ मा व्यवस्था भए बमोजिम यस नगरपालिकाले "सामुदायिक विद्यालयमा विद्यालय कर्मचारी करार तथा व्यवस्थापन कार्यविधी २०७९" मा छलफल गरियो । प्राप्त राय सुझाव समेटी उक्त कार्यविधि पारित गर्ने निर्णय गरियो ।

ग. कोहलपुर नगर शिक्षा समितिको मिति २०७९/०३/१५ गते बसेको बैठकका निर्णयहरु अनुमोदन गर्ने ।

घ. नापी र मालपोत कार्यालयको शाखा कोहलपुरमा बिस्तारका लागि आवश्यक भवन व्यवस्थापनका लागि नापी र मालपोत कार्यालयको समन्वयमा सम्भावित भवन पहिचान गरी सिफारिस गरी पठाउने ।

ङ. कोहलपुर नगरपालिकामा कार्यरत फाजिल कर्मचारी व्यवस्थापनका लागि नेपाल सरकारबाट स्वीकृत दरबन्दी भन्दा बढी रहेका स्वास्थ्य सेवा अन्तर्गतका कर्मचारीहरुलाई यस नगरपालिकाबाट तलव भत्ता उपलब्ध गराउन नसकिने भएकोले त्यस्ता कर्मचारीहरुलाई अन्यत्र व्यवस्थापनका लागि सम्बन्धित मन्त्रालयमा फिर्ता पठाउने ।

च. कोहलपुर नगरपालिका क्षेत्र भित्र भवन निर्माणका लागि नगर कार्यपालिकाको कार्यालयबाट भवनको नमुना डिजाईन निर्माण गरी सेवाग्राहीलाई निःशुल्क उपलब्ध गराउने । सेवाग्राहीले सोही डिजाईन बमोजिम वा निर्धारित मापदण्ड बमोजिम अन्यत्र (consultancy) बाट निर्माण गरिएका नक्शा अनुसार भवन निर्माण गरी नक्सा पास गर्न सक्ने गरी व्यवस्था गर्ने ।

छ. बिल्ड अन नेपाल तथा कोहलपुर नगरपालिकाको लागत साझेदारीमा जनचेतना आधारभुत विद्यालय गोहवा स्कुलमा शौचालय सहितको ३ कोठे पक्की भवन निर्माणको लागि ७ लाख म्याचिङ् फण्टबाट बजेट विनियोजन गर्ने र सम्झौता प्रकृया अगाडी बढाउने ।

ज. कोहलपुर नगरपालिका भित्रका नाँपजाँच भईसकेका जग्गाहरुको विवरण भुमी आयोगमा पठाउने र नापी हुन बाँकी रहेका जग्गाहरुको नाँपजाँचका लागि नापी कार्यालय, बाँकेमा लेखि पठाउने ।

झ. हालै आएको वर्षाको कारणले डुबान भएका क्षेत्रहरुमा ढल एवं नाली निकास गर्न नगरपालिकाबाट प्रयोग भएको मेसीन औजारको मिति २०७९ श्रावण १० गते सम्मको हकमा नगरपालिका तर्फको उपयुक्त शीर्षकबाट भुक्तानी गर्ने । सो अवधि पश्चातको हकमा सम्बन्धित वडाले आफ्नै बजेटबाट व्यवस्थापन गर्ने ।

ञ. बैठकमा सदस्यहरुले उठान गरेका अन्य विविध विषयहरुको अर्को कार्यपालिका बैठकमा छलफल गरी निर्णयमा पुग्ने ।